मिर्चैया, सिरहा
Mirchaiya, Siraha
मधेश प्रदेश नेपाल
Madhesh Province,
Nepal

# मिर्चैया नगरपालिका
# Mirchaiya Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

पत्र संख्या :२०८१/०८२
चलानीनंबर/Dispatch No.:

मिति :२०८१।०८।१६

**विषयः प्रेस विज्ञप्ति ।**

मिर्चैया नगरपालिका वडा नं.५ मा वस्ने जिवछ महतोको पत्नी अंदाजी वर्ष ३५ की रजिना देवी महतोको आज विहान करिव ८ वजे छारे रोगको कारण अल्पआयूमा निधन भएकोमा निज प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौ ।

निजको निधन यस कार्यालय मार्फत निर्माण भएको अधुरो नाला निर्माणमा डुवेर भएको भनि कतिपय व्यक्तिहरुले समाजिक सञ्जालहरुमा दुसप्रचार गरिरहेको सम्वन्धमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । निजको निधन छारे रोग (मृगी ) को कारणले भएको र निज व्यक्ति नियमित रुपमा औषधी सेवन गरिरहेको भनि मिर्चैया अस्पतालको रेकर्डमा देखिन्छ । साथै अधुरो नाला निर्माण सम्वन्धी काम यस कार्यालयवाट निर्माण नभई सघन शहरी तथा भवन निर्माण आयोजना सपतरी मार्फत भएको र सो अधुरो नाला निर्माणको लागि यस कार्यालयवाट पटक-पटक ताकेता गरिएकोले नगरपालिकालाई वदनाम गराउन गरिएको यस्ता किसिमको दुसप्रचार प्रति सजग भईदिनु हुन सम्पूर्ण नगरवासी लगायत देशवासीहरुमा हार्दिक अनुरोध गर्दछौ ।

२०८१/०८/१६
..............................
श्रवण कुमार यादव
नगर प्रमुख

श्रवण कुमार यादव
नगर प्रमुख

e-mail:–munmirhaiya272@gmail.com
website:- mirchaiyamun.gov.np
Phone no:- 033550101

Scanned with OKEN Scanner

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना
सप्तरी

☎ ०३१-५३००८१
Email : dudbcsaplan@yahoo.com

पत्र संख्या : ०८०/८१
चलानी नम्बर : ११२६

मिति : २०८१/०१/१८

विषय : म्याद थपको जानकारी गराईएको सम्बन्धमा।

श्री बिकास/गहिल/ओम गणेशाय जे.भि.,
राजविराज-८, सप्तरी।

प्रस्तुत विषयमा यस आयोजनाबाट निर्माणाधीन PUDBC/SAPTARI/WORK/NCB/06/077-078, Constructio of Road side Drain works in Thana chowk Road as Per Master Plan for Developing Mirchaiya as a Smart City क म्याद थप सम्बन्धमा मिति २०८१/०१/१८ गतेको यस आयोजना कार्यालयको निर्णयानुसार मिति २०८०/०३/१ गतेदेखि २०८१/०९/२९ गतेसम्म म्याद थप भएको व्यहोरा जानकारी गराईन्छ।

२०८१/१/१८

प्रदीप कुमार सिंह
*(आयोजना प्रमुख)*
आयोजना प्रमुख

Scanned with OKEN Scanner

मिर्चैया नगरपालिका

☎033-550206

# मिर्चैया अस्पताल

# MIRCHAIYA HOSPITAL

मधेश प्रदेश, सिरहा (नेपाल)

## DEATH CERTIFICATE

Date: 2081/8/16.

Patient's Name: Rejina Mahato Age: 26 yrs.

~~Son/Daughter of~~: wife of :- Jibach Mahato Sex: Female

Full Address: Mirchaiya - 5

IP No.: 9174 Bed No.: 06. Date of Admission: 2081/8/16

Date and time of Death: 2081-8-16 @ 8:40 AM

Diagnosis: Drowning ( Cardio-pulmonary Arrest )

Death due to: Cardiopulmonary Arrest - (K/c/o Epileps

Death declared by Dr.: Sarika Goit Name of On duty Staff: Jeevan Yad

Death body received by Mr/Mrs/Miss: Jibach Mahato.

Relation with the patient: wife. Signature: जिबछ

Date & time: 2081-8-16 @ 10

Dr. Sarika Goit
NMC No. - 1539.

Scanned with OKEN Scanner

# Mirchaiya Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

मिर्चैया, सि
Mirchaiya, Si
मधेश प्रदेश, नेप
Province Madh
Nepal


पत्र संख्या: २०७९/०८०
चलानी नं.: ८११४

मिति:२०८०।०२।१६

बिषयः गुनासो तथा ध्यानाकर्षण सहित जवाफ उपलब्ध गराईदिने सम्बन्धमा ।

श्री Provincial Urban Development and Building Construction
Rajbiraj,Saptari

उपरोक्त सम्वन्धमा ताहाँ कार्यालयबाट यस मिर्चैया न.पा. अन्तर्गत रहेको योजना "मिर्चैया स्मार्ट सिटिमा मास्टर प्लानको डी.पी.आर तयार भए अनुसार पूर्वाधार निर्माण कार्य संचालन गर्ने" मा बतहा नदि देखि उत्तर थाना चौक सम्मको सडकमा दायाँ-बायाँ नाला बनाउने कार्य पूर्ण रुपमा साइट क्लियर भएपनि यस चालु आ.व. को सुरुवात देखि नै मौखिक तथा फोन मार्फत ताकेता गर्दा आज भोलि गर्दा गर्दै अटेरी गरेको हुनाले न.पा.को अरु योजनाहरु संग समेत सरोकार भएको उक्त नाला निर्माण कार्य गर्न नसकेको हुँदा न.पा.ले लिएको लक्ष्यमा समेत ठुलो वाधा पुग्ने भएको हुँदा उक्त नाला निर्माणको काम गर्ने वा नगर्ने साथै अव वर्षायाम लागेको वेला हतार-हतारमा काम गरि गत आ.व.मा पनि काम बिगारी सकेकोले अव के-गर्ने वा नगर्ने प्रस्ट रुपमा जानकारी गराईदिनुहुन् यो गुनासो पत्र लेखिएको व्यहोरा अनुरोध छ ।

Details

1. **Name of Project:** Construction of Road side Drain works in Thana chowk Road as Per Master Plan for Developing Mirchaiya as a Smart City.
2. **Contract ID**: PUDBC/Saptari/Work/NCB/06/077/078

विजय कुमार महतो
(प्रमुख प्रशासकीय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

१. श्री शहरी बिकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं (उक्त नाला निर्माण कार्य संग सम्वन्धित निकाय तथा निर्माण व्यवसायीलाई कारवाही गर्नुहुन्)

Scanned with OKEN Scanner

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

# सघन शहरी तथा भवन निर्माण आयोजना

सप्तरी

☎ ०३१-५२००८
Fax ०३१-५२०३८
Email : dudbcsaptari@yahoo.cc

पत्र संख्या : ०७८/७९
चलानी नम्बर : ८८९

मिति : २०७९/०२/०१

विषय : साईट क्लियरेन्स गरि दिने सम्बन्धमा।

श्री मिर्चैया नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, सिरहा ।

उपरोक्त सम्वन्धमा यस आयोजनाको "मिर्चैया स्मार्ट सिटिमा मास्टर प्लानको डि.पी.आर. तयार भए अनुसार पूर्वाधार निर्माण कार्य संचालन गर्ने" कार्यको लागि मिर्चैया नगरपालिका अन्तर्गत हुड्वे-थाना चौक सडकको डि.पी.आर. तयार भईसकेको र सो सडक खण्डभित्र वतहा नदीदेखि उत्तर थाना चौकसम्मको सडकको दाँया बाँया आर.सि.सि. नाला बनाउने कार्यको लागि आ.व. २०७७/०७८ को विनियोजित बजेटबाट निर्माण गर्ने वारे तहाँबाट सिफारिश भई हाल ठेक्का नं. ०६/०७७/०७८ अन्तर्गत निर्माण व्यवसायीलाई मिति २०७८/०३/२८ गतेमा कार्यादेश दिई निर्माण चरणमा रहेको व्यहोरा अवगतै छ ।

उपरोक्त निर्माण कार्यको लागि तहाँबाट सिफारिश भई आएको थाना चौक सडक खण्ड हालसम्म पनि साइट क्लियरेन्स हुन नसकी निर्माण कार्य अगाडी बढ्न नसकेको तथा सम्वन्धित निर्माण व्यवसायी आफ्नो स्रोत, साधन तथा जनशक्ति सहित निर्माण स्थलमा कार्य अगाडी बढाउन तयारी अवस्थामा रहेपनि कार्य शुरु गर्न नसकिरहेको हुँदा सो सडक खण्डको स्वीकृत DPR बमोजिम बस्ती क्षेत्रमा सडक क्षेत्र (Pavement, Drain-both side, cycle track-both side, footpath-both side तथा Setback थप ५ फिट- both side समेत) जम्मा २० मि. चौडाईको हुनुपर्ने देखिएको हुँदा सो बमोजिमको चौडाईको सडक क्षेत्र भित्र पर्न जाने घर, टहरा, कम्पाउण्डवाल लगायतको संरचना तहाँबाट हटाउन आवश्यक सहयोग गरी ल.ई. बमोजिम निर्माण कार्य शिघ्र अगाडी बढाउने तर्फ आवश्यक पहल गरि दिनु भनि यसअघि समेत पत्राचार भएकोमा सो अनुसारको साइट हालसम्म समेत क्लियरेन्स नभएकोले क्लियरेन्सको लागि आवश्यक पहल गरि दिनु हुन अनुरोध छ ।

सन्त कुमार मिश्र
(ईन्जिनियर)

ईन्जिनियर

बोधार्थ :
श्री विकास/गहिल/ओम गणेशाय जे.भि,
राजविराज-८, सप्तरी ।
आ.प्र. श्री राजिव कुमार साह

मिर्चैया
दर्ता नं.: 2669
दर्ता मिति: २०७९/२/९६

Scanned with OKEN Scanner